# 多言語情報コーナー　　　　　　　　　　　（令和５年　９月号）

## १. उजुमा खोला आन्दोन् (कागज लालटेन) महोत्सव बारे जानकारी !

यहि सेप्टेम्बर ३० तारिक सम्म, नगरको बिचमा बग्ने उजुमा गावा (उजुमा खोला) लाई शानदार रूपले रंगीन बनाएर "उजुमा खोला आन्दोन् महोत्सव" आयोजना गरिने भएकोछ।

काईउङबासी (काईउङपुल) देखि कोउराईबासी (कोउराईपुल) हुँदै उजुमा पार्क सम्मको बायाँ किनारा, दायाँ किनारामा कटपिस चित्रहरु टाँसेका आन्दोन् (कागज लालटेन) १४० थान सजाईएका हुनेछन्।

ति कटपिस चित्रहरु, तोचिगी नगरमा जन्मेका कलाकार स्वर्गीय कावाशिमा गास्युउको कलाहरु हुन्।

ति चित्रहरुमा जापानको हेइआन् कालका एक प्रसिद्ध भिक्षु, इवाफुने माचिमा जन्मेको भनिने, एन्निङ, उपनाम जिकाकुदाइसी, तोचिगी नगरका भकारी र दासी (परंपरागत रथ) आदिका चित्रहरु लेखिएका छन्।

महोत्सव अवधि भरि, बेलुकी ७ बजे देखि राती १० बजे सम्म, आन्दोन् (कागज लालटेन) प्रज्वलन गरिनेछ।

गर्मी मौसमको साँझमा तोचिगीको शानदार दृष्यहरुको आनन्द लिन कसो होला !

### २. माईनम्बर कार्डले गर्न सकिने कुराहरु बारे जानकारी !

जब विदेशीहरू जापानमा आएर पहिलो पटक शियाकुस्योमा रेसिडेन्ट कार्डको लागि आवेदन दिन्छन्, उनीहरूलाई १२ अंकको माईनम्बर दिइन्छ। प्रत्येक व्यक्तिको फरक माईनम्बर हुन्छ, र सिद्धान्तमा, एउटै नम्बर सम्बन्धितको जीवनभर प्रयोग हुनेछ।
एकपटक जापान छोडेर, फेरि जापान फर्केर रेसिडेन्ट कार्डको लागि आवेदन दिँदा पनि त्यही नम्बर प्रयोग गरिनेछ। नम्बर स्वतन्त्र रूपमा परिवर्तन गर्न सकिँदैन।
माईनम्बर, बाल भत्ता र निवृत्तिभरणको (पेन्सनको) लागि आवेदन, कर फिर्ता घोषणा गर्न, विदेश पैसा पठाउन, विदेशबाट पैसा प्राप्त गर्न, बैंक खाता खोल्न, र कम्पनी तथा पसलहरूमा काम गर्न शुरू गर्दा यो आवश्यक हुनेछ।
माईनम्बर कार्ड, माईनम्बर लेखिएको र आफ़्नो फ़ोटो टाँसेको कार्ड हो। यो कार्ड बोकेकोछ भने, आफ़्नो माईनम्बर प्रमाणित गर्ने प्रमाणको रूपमा प्रयोग गर्न सकिन्छ। यस बाहेक आफ्नो पहिचान प्रमाणीकरणको लागि आधिकारिक परिचय पत्रको रूपमा पनि प्रयोग गर्न सकिन्छ।
अनि, यो कार्ड प्रयोग गरेर, नजिकको कन्भिनियन्स स्टोरको मल्टीकपि मेशिनबाट सजिलै "ज्युउमिन् ह्योउ" र "नगर कर सम्बन्धि प्रमाणपत्रहरु" आदि शियाकुस्योको काउण्टरमा भन्दा १०० येन सस्तोमा उपलब्ध गर्न सकिन्छ।
कन्भिनियन्स स्टोरको मल्टीकपि मेशिनबाट प्रमाणपत्रहरु निकाल्दा माईनम्बर कार्डको साथै ४ डिज़िटको पिन-कोड़ आवश्यक हुनेछ। आफ्नो माईनम्बर कार्ड प्राप्त गर्दा सेट गरेको पिन-कोड़ नबिर्सेर जतनका साथ राख्नुहोला।
थप रूपमा, माईनम्बर कार्डहरू अनुहार पहिचान कार्ड रिडरहरूले सुसज्जित चिकित्सा संस्थाहरू र फार्मेसीहरूमा स्वास्थ्य बीमा कार्डको रूपमा प्रयोग गर्न सकिन्छ।
आफ्नो माई नम्बर कार्डलाई स्वास्थ्य बीमा कार्डको रूपमा प्रयोग गर्नको लागि, स्वास्थ्य बीमा कार्डको लागि आवेदन दिन आवश्यक छ।
प्रयोगको लागि आवेदन दिन, माईनम्बर कार्ड पढ्न सक्ने स्मार्टफोन प्रयोग गर्नुहोस्, र "Mynaportal" प्रयोग गर्नुहोस्। वा सेभेन बैंकको एटीएमबाट पनि आवेदन दिन सक्नुहुन्छ। त्यस बेला पनि आफ्नो 4-अङ्कको PIN नम्बर चाहिन्छ।
२०२४ सालको शरदऋतु पछि, स्वास्थ्य बीमा कार्ड र माईनम्बर कार्ड एकीकृत हुनेछ।
माईनम्बर कार्ड वहन गरेर ध्यान दिनुपर्ने कुराहरुमा, यदि नाम, ठेगाना आदि फरक परेमा, १४ दिन भित्र शियाकुस्योको काउण्टरमा प्रक्रिया पुरा गर्नु पर्दछ।
साथै, माईनम्बर कार्डको म्याद, जापान निवास अवधिको म्याद संगै समाप्त हुन्छ। जापान निवासको अवधि नवीकरण गरेमा, माईनम्बर कार्डको म्याद भित्र, शियाकुस्योको काउण्टरमा गएर नवीकरण गराउनुहोला।
यदि, तपाईंले आफ्नो माईनम्बर कार्ड हराउनु भयो भने, तुरुन्तै प्रहरी अथवा शियाकुस्योको काउण्टरमा रिपोर्ट गर्नुहोला।

## ३. .तोचिगी नगरवासीहरुको स्वयंसेवक गतिविधीहरु बारे जानकारी !

तोचिगी नगरको मुटुमा बग्ने उजुमा गावा (उजुमा नामक नदी) को, तोचिगी नगर नदी संरक्षण संघ र स्थानीय ३ वटा समूहको आह्वानमा, उजुमा नदी वोरिपरीका अन्य २५ वटा सामुदायिक संघहरुको सहयोगमा सन् १९८० साल देखि हरेक बर्षको अप्रिल, जुलाई र सेप्टेम्बर गरि बर्षको ३ पटक सामुहिक रूपमा सरसफ़ाई गरिन्छ।

उजुमा नदी, धेरै नगरवासीहरुको मनमा बग्ने नदी हो, र नगरवासीहरु लगायत पर्यटकहरुको लागि शान्तिको खोजी गर्ने नदी भएकोले, नदी सफ़ा राख्नु अति महत्वपूर्ण कुरा हो।

यहि सेप्टेम्बर महिनाको ३० तारिक शनिबारको दिन बिहान ७ बजे देखि ८ बजे सम्म, दाईच्योउको कानिताबासी (शिनतोचिगीको दाईच्योउ भन्ने ठाऊँको कानिता पुल) देखि कावाईच्योउको शिम्बासी (शिन् पुल) सम्मको, उजुमा नदीको सामुहिक सरसफ़ाई कार्यक्रम आयोजना गरिन्छ।

विदेशी बासिन्दाहरूलाई पनि सहभागी हुन स्वागत छ। यदि तपाइँ सहभागी हुन चाहनुहुन्छ भने, कृपया तोचिगी-शि कोउर्युउ क्योउकाई (**Tochigi City International Association**) लाई सम्पर्क गर्नुहोस्। तपाईंले सफाई सहयोग गर्ने तैयारी, तरिका र स्थानहरू बारे अग्रिम रूपमा जानकारी हासिल गर्न सक्नुहुन्छ।

साथै उक्त दिन, वातारासे जलाशय (वातारासे ताल क्षेत्र) का एक्सोटिक प्लांट (विदेशी वनस्पतिका बिरुवा) हटाउने कार्यक्रम पनि रहेकोछ।

बिहान ७ बजे देखि, यानाकाको (वातारासे तालको उत्तर पट्टीको भाग, यानाका ताल) को भाड़ा साईकल सेण्टर अगाड़ी सहभागीहरुको दर्ता शुरू हुनेछ। १० जना भन्दा बढ़ीको समूह होईन भने अग्रिम दर्ता आवश्यक छैन।

हल्का बर्षात भएपनि काम रोकिने छैन। सरसफ़ाई कार्यक्रम चाँही, बिहान ७:३० बजे देखि ९ बजे सम्म आयोजना गरिनेछ।

यो विदेशी बिरुवा हटाऊने कार्यक्रममा, रामसार महासन्धि अंतर्गत तोकिएको सिमसार क्षेत्रमा पर्ने यो वातारासे जलाशयको सिमसार क्षेत्रको संरक्षणको लागि, धेरै संघ संस्थाहरु र स्वयंसेवकहरुको सहयोगमा, अन्य वनस्पतिलाई क्षति गर्ने "सेइताका आवादाचिसोउ" नामक विदेशी वनस्पतिलाई उखेल्ने काम गरिन्छ।

सहभागी हुँदा, आफुले पिउने पानी, लामबाहुले कमिज, लामो पैंट, जुत्ता, तौलिया, आँखाको सुरक्षाको लागि चस्मा, हातमा लगाउने पंजा स्वयंले लिएर आउनु पर्नेछ।

तपाईंले पनि नगरवासीहरु मध्यको एक नागरिकको हैसियतले, प्राकृतिक वातावरणको संरक्षण र सुन्दर नगर निर्माण कार्यमा सहयोग किन नगर्ने ?